नागार्जुन नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय, २०७३**

हरिसिद्धि, सितापाईला, काठमाडौं ।

फोन नं. ०१-४६७१७१७

बागमती प्रदेश, नेपाल।

प.सं. २०७९/८०

च.नं. ६४९

मिति: २०७९/०५/२६

सूचना ! सूचना ! सूचना !

## नागार्जुन नगरपालिका कार्यक्षेत्र भएका सहकारी संस्थाहरुलाई साधरणसभा सम्पन्न गरी प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।

सहकारी ऐन २०७४ को दफा ३९(२) तथा नागार्जुन नगरपालिका सहकारी ऐन २०७५ को दफा २८ (२) वमोजिम यस नगरपालिका भित्र मात्र कार्यक्षेत्र भएका सहकारी संस्थाहरुले आगामी मिति २०७९ पौष मसान्त भित्र साधरण सभा सम्पन्न गरी १५ दिन भित्र साधरणसभावाट पारित प्रतिवेदन यस नगरपालिकामा वुझाउनु हुन अनुरोध गरीन्छ। साथै साधरणसभा सञ्चालन गर्दा सहकारी संस्थाको साधरणसभा कार्य व्यवस्था (पहिलो संशोधन) निर्देशिका, २०७६ अनुसार गर्नुहुन सम्बन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ। देहाय:

१. सहकारी संघसंस्थाहरुले आ.व. व्यतित भएको तीन महिना भित्र नागार्जुन नगरपालिका सहकारी ऐन २०७५ को दफा ५४ (१) बमोजिम लेखापरिक्षणको कार्य सम्पन्न गरी सक्ने ।
२. लेखापरिक्षक नियुक्ति र पारिश्रमिक निर्धारणका सम्बन्धमा नागार्जुन नगरपालिका सहकारी ऐन २०७५ को दफा ५५ बमोजिम गर्ने ।
३. सहकारी संस्थाहरुले साधारण सभाको सूचना प्रकाशन गर्दा सहकारी विभागबाट मिति २०७९।०२।१२ मा जारी गरिएको सहकारी संस्थामा सुशासन प्रवर्द्दनको लागि एकीकृत निर्देशन २०७९ अनुसार तीस दिन अगावै प्रस्ताव सहितको सार्वजनिक सूचना प्रकाशन गर्ने ।
४. नागार्जुन नगरपालिका सहकारी ऐन २०७५ को दफा २९ उपदफा ६ अनुसार दुई हजार वा सो भन्दा वढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्य सूचीमा तोकिए वमोजिम सदस्य संख्याको आधारमा वडा- वडा वा अन्य पायकको स्थानमा संचालक सदस्यहरु पठाई साधारण सभा गर्न र त्यस्तो साधारण सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधि छनौट गर्न र वैठक संचालन गर्न वैठकका निर्णयहरु प्रमाणित गर्दा संचालक सदस्य संख्या भन्दा एक जना बढि प्रतिनिधि सदस्यहरुवाट समेत प्रमाणित गराउने व्यवस्था मिलाउने ।

**साधरण सभा सम्पन्न भएको १५ दिन भित्र तपसिल बमोजिमका विवरणहरु यस नगरपालिकामा पेश गर्नुपर्ने छ ।**

तपसिल

क) शेयर सदस्यहरुको उपस्थितिको निन्न बमोजिमको प्रमाणित विवरण,

| क.स. | शेयर सदस्यता नं | नाम थर | सम्पर्क नं | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|

ख) साधरणसभाको निर्णयको प्रमाणित प्रतिलिपि,

ग) संचालक समितिका सवै र संचालक समितिका सदस्य भन्दा १ वढी शेयर सदस्यले निर्णय प्रमाणित गरेको हुनुपर्ने (जस्तै:संचालक ११+शेयर सदस्य १२ गरी २३ जना),

घ) आ.व. २०७८।७९सम्मको कर चुक्ता गरेको व्यवसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपि,

ङ) लेखापरिक्षण प्रतिवेदनको सक्कलै विवरण,

च) कर चुक्ता २०७८/७९ (आन्तरिक राजश्व कार्यालयको ) प्रमाण पत्रको प्रतिलिपि,

नागार्जुन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय, २०७३

हरिसिद्धि, सितापाईला, काठमाडौं ।

फोन नं. ०१-४६७१७१७

बागमती प्रदेश, नेपाल।

प.सं. २०७९/८०

च.नं. ६४९

छ) सम्पत्ती सुद्दीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरेको निर्देशन २०७४ (पहिलो शंसोधन समेत) मा भएका सवै व्यवस्थाहरु पालना गरेको विवरण,

ज) सहकारी संस्थामा नयाँ संचालक समिति गठन भएको भए नवनिर्वाचित संचालक समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि र तिनपुस्ते विवरण निम्न बमोजिमको ढाँचा अनुसार हुनुपर्ने,

| सि. न. | बाजेको नाम थर | बावुको नाम थर | पति वा पत्नीको नाम थर | पद | ठेगाना | पेशा | निर्वाचित मिति | बहाल रहने अवधि | फोटो र फोटोमा पर्नेगरी छाप | सम्पर्क नं |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

झ) सहकारी संस्थाको निम्न बमोजिमको यर्थात विवरण,

| सि न. | नाम ठेगाना | दर्ता मिति | किसिम | मुंख्य कारो वार | म | पु | जम्मा | शेयर पूजी | बचत संकलन | ऋण लगानी | स्थीर सम्पत्ती | जम्मा सम्पत्ती दायित्व | प्रत्यक्ष रोजगारी | केपोमिसमा आवद्द भए नभएको | सम्पत्ती शुद्दीकरण सम्बन्धी प्रतिवेदन पेश गरे नगरेको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | |

(ईश्वरी प्रसाद ढकाल)

प्रमुख प्रशासकीय अधिकृत